# लोक सेवा आयोग

**(सूचना तथा प्रकाशन शाखा)**
**अनामनगर, काठमाडौं**

(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र मिति अवश्य उल्लेख गर्नुहोला)

फोन : ०१-४७७१३५५
फ्याक्स : ०१-४७७१४९०
पोष्ट बक्स नं. : ८९७९
ई-मेल : info@psc.gov.np
वेवसाइट : www.psc.gov.np


**विषय : निजामती सेवा पत्रिका २०७३ असार अंकको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।**

लोक सेवा आयोगले अर्धवार्षिक रुपमा प्रकाशन गर्ने निजामती सेवा पत्रिकाको २०७३ असार अंक शिघ्र प्रकाशन हुन गइरहेको हुँदा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०७३ जेठ महिनाभरी लेख रचना आह्वान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए Preeti फन्टको साइज १४ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन् :

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश
(ख) मुख्य लेख/विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ। लेख रचनाहरु आयोगको इमेल ठेगाना info@psc.gov.np मार्फत पनि पठाउन सकिनेछ। यस सम्बन्धी विस्तृत जानकारी आयोगको सूचना तथा प्रकाशन शाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

*__पुनश्च :__ उपरोक्तानुसार विवरणहरु उल्लेख नभई आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।*

**लोक सेवा आयोग**
**(सूचना तथा प्रकाशन शाखा)**
**केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं**